का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३२२
- १ माघ २०७८, शनिबार
- 15 January 2022, Saturday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

● कोरोना संक्रमण

# खोप केन्द्रमै जोखिम

● अस्पतालमा बिरामीको चाप बढ्यो ● पछिल्लो २४ घण्टामा थपिए ५ हजार ८७ संक्रमित

> सरकारले २५ जनाभन्दा बढी भेला हुन नपाइने भनेपनि खोप केन्द्रहरुमा सयौँको संख्यामा मानिसहरु लाइनमा बस्दा त्यहीँबाटै संक्रमण फैलिने जोखिम बढेको छ ।



*शुक्रराज ट्रपिकल अस्पतालमा कोरोनाविरुद्धको खोप लगाउने सर्वसाधारणको भीड*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० पुस

पछिल्लो समय कारोना संक्रमितको संख्या बढेसँगै कोरोनाविरुद्धको खोप लगाउने सर्वसाधारणको घुइँचो खोप केन्द्रमा बढेको छ । खोप केन्द्रमा भीड बढेसँगै खोप केन्द्रबाटै कोरोना संक्रमणको जोखिम समेत बढेको देखिन्छ । शुक्रराज ट्रपिकल अस्पतालमा कोरोनाविरुद्धको खोप लगाउने सर्वसाधारणको भीड लगेको छ । कोरोना संक्रमितको संख्या दिनप्रतिदिन बढ्न थालेपछि सरकारले खोप अभियानलाई जोड दिएको छ । साथै सर्वसाधारण पनि जोखिम बढेसँगै खोप लगाउन खोप केन्द्रमा पुगेको देखिन्छ । खोप लगाउन खोप केन्द्र पुगेका सर्वसाधारण जोखिम बढेको र सरकारले माघ ७ गतेबाट खोप कार्ड अनिवार्य गरेकाले खोप लगाउन आएको बताउँछन् । कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको जोखिम खोप नलगाएकाहरुमा बढी हुने विज्ञहरुले बताउँदै आएका छन् । जसका कारण पनि एक मात्रा खोप लगाउने सर्वसाधारणहरुको घुइँचो खोप केन्द्रमा लगेको छ । तर खोप केन्द्रमा लाइन लागेका एक व्यक्तिबाट अर्को व्यक्तिले दुरी कायम नगर्दा खोप केन्द्रबाटै संक्रमण फैलन जोखिम समेत बढाएको छ । खोप लगाउन खोप केन्द्र पुगेकाहरु समेत खोप केन्द्रमा जोखिम भए पनि खोप लगाउन आएको बताउँछन् ।

जोखिम बढ्दा मात्र खोप अभियानलाई बढाउन खोज्ने सरकार र जोखिम बढ्दा मात्र खोप लगाउन हतारिने सर्वसाधारणका कारण पनि खोप केन्द्र व्यवस्थित हुन सकेको देखिँदनै ।

सरकारले २५ जनाभन्दा बढी भेला हुन नपाइने भनेपनि खोप केन्द्रहरुमा सयौँको संख्यामा मानिसहरु लाइनमा बस्दा त्यहीँबाटै संक्रमण फैलिने जोखिम बढेको जनस्वास्थ्यविद्हरु बताउँछन् । सार्वजनिक ठाउँमा खोप कार्ड अनिवार्य भनेर बाध्यात्मक बनाइदिँदा धेरै जना खोपको दायरामा आउने सरकारले लक्ष्य लिएको छ ।

## मन्त्रालयको प्रक्षेपण

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसको तेस्रो लहरमा करिब १५ हजार संक्रमित गम्भीर बिरामी हुने प्रक्षेपण गरेको छ । मन्त्रालयले माघ महिनामा मात्रै डेढ लाख बढी संक्रमित थपिने अनुमान गरेको छ । पुसदेखि आउँदो वैशाखसम्मको कोरोनाको अवस्था आंकलन गर्दै मन्त्रालयले यस्तो प्रक्षेपण गरेको हो ।

त्यस्तै मन्त्रालयले मध्यम लक्षण भएका संक्रमितको संख्या – बाँकी पृष्ठ २ मा

## अस्पतालमा बिरामीको चाप

पछिल्लो समय कोरोना संक्रमितको संख्या बढेसँगै अस्पतालहरुमा बिरामीको चाप बढ्न थालेको छ । काठमाडौंका कोरोना संक्रमित उपचाररत अस्पतालहरुमा बिरामीको चाप दिनदिनै बढिरहेको चिकित्सकहरु बताउँछन् ।

काठमाडौंको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा कोरोना संक्रमितको संख्या दैनिक बढ्दो छ । हाल अस्पतालमा २५ जना भन्दा बढी संक्रमित – बाँकी पृष्ठ २ मा

## अस्पतालको तयारी

ओमिक्रोन भेरियन्टले मानिसको स्वास्थ्यमा जटिलता कम गराए पनि संक्रामक दर गुणात्मकरुपमा फैलिने बताइएको छ । ओमिक्रोनले कोरोना खोप लगाएका/नलगाएका दुवैलाई संक्रामक बनाउन सक्दछ । यो भेरियन्टको सम्भावित जोखिमलाई रोक्नका लागि अस्पताललाई आवश्यक पर्ने अक्सिजन, सघन उपचार कक्ष (आइसियु), हाई डिपेडेन्सी युनिट (एचडियु), भेन्टिलेटर, आइसोलेसन र स्वास्थ्यकर्मीको पनि तयारी अवस्थामा राखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार नेपालमा अहिले आइसियु दुई हजार ७९७, भेन्टिलेटर एक हजार आठ, एचडियु तीन हजार ८४६ रहेका छन् । यस्तै अक्सिजन सिलिण्डर १३ हजार ९३९, अक्सिजन कन्सट्रेटर ६९३ रहेका छन् । यसैगरी २५ अक्सिजन ट्याङ्कमा १९ वटा र १०७ मध्ये ८७ अक्जिसन प्लान्ट सञ्चालनमा आइसकेको छ । उपत्यकामा दुई हजार ४९४ आइसोलेसन शय्या, ३२४ एचडियु, ४४५ आइसियु र २५४ भेन्टिलेटर रहेका छन् । हालसम्म नेपालमा २७ वटा ओमिक्रोन भेरियन्टका सङ्क्रमित पत्ता लागेको छ ।

## थपिए ५ हजार संक्रमित

नेपालमा थप ५ हजार ८७ जनामा कोरोना संक्रमण देखिएको छ । पछिल्लो २४ घण्टामा १३ हजार ४ सय ७४ जनाको पीसीआर परीक्षण गर्दा ४ हजार २ सय ४ र ७ हजार ८६ जनाको एन्टिजेन परीक्षण गर्दा ८ सय ३३ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

संक्रमण पुष्टि भएका संक्रमितमध्ये २ हजार ६ सय ७ जना काठमाडौं उपत्यकाका रहेका छन् । काठमाडौं उपत्यकामा १ हजार ९ सय १३, ललितपुरमा ३ सय ७७ र भक्तपुरमा ३ सय १७ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । योसँगै नेपालमा कोरोना संक्रमित हुनेको कूल संख्या ९ लाख ४५ हजार ६ सय ९ पुगेको छ ।

संक्रमणबाट पछिल्लो २४ घण्टामा तीन जनाको मृत्यु हुँदा ३०६ जना निको भएका छन् । योसँगै हालसम्म कोरोनाका कारण ज्यान गुमाउनेको संख्या ११ हजार ६ सय १३ पुग्दा संक्रमित भएकामध्ये ८ लाख १५ हजार ६ सय ५३ जना निको भएका छन् । हाल देशभर १८ हजार २ सय ३५ संक्रमित संक्रमित रहेका छन् ।

# १४ वैशाखभित्रै स्थानीय चुनाव

निर्वाचन आयोगले राजनीतिक दलहरुलाई आगामी १४ वैशाखभित्रै स्थानीय चुनाव गर्नुपर्ने सुझाव राखेको छ । शुक्रबार सर्वदलीय बैठक राखेर माघ पहिलो साताभित्रै चुनावको मिति घोषणा गर्नुपर्ने पनि आयोगले जोड छ ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ३० पुस ।



## आयोगको ताकेता

निर्वाचन आयोगले स्थानीय चुनावका लागि दलहरुलाई ताकेता गरेको छ । शुक्रबार निर्वाचन आयोगमा सर्वदलीय बैठक राखेर स्थानीय चुनाव समयमै नगरे कानूनी जटिलता आउनसक्ने तर्फ सचेत गराएको छ । १४ वैशाखमा स्थानीय चुनाव गराउँदा संवैधानिक जटिलता हट्ने आयोगले तर्क गरेको छ ।

तर त्यसका लागि माघको पहिलो साता सरकारले निर्णय लिनुपर्ने पनि आयोगका पदाधिकारीले आग्रह गरेको छ । प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले सर्वदलीय बैठकमा स्थानीय चुनाव, मतदाता नामावली र राष्ट्रियसभा निर्वाचनबारे छलफलको एजेण्डा प्रस्तुत गरेका थिए । थपलियाको प्रस्तावमा स्थानीय चुनावलाई बढी जोड दिइएको छ । आगामी ५ जेठ अगाडि नै जनप्रतिनिधि चयन भइसक्नुपर्ने भएकाले १४ वैशाखमा चुनावको मिति प्रस्ताव गरिएको छ । एकैचरणमा चुनाव हुन नसके १४ र २२ वैशाखमा गर्न सकिने आयोगको प्रस्ताव छ । तर त्यस भन्दा पछाडि गएमा संवैधानिक जटिलता आउन सक्ने आयोगका पदाधिकारीहरुले तर्क गरेका छन् । २०७२ को संविधानले जनप्रतिनिधिको उपस्थिति र निर्णयलाई अनिवार्य गरेको छ ।

गएको २०७४ वैशाख, असार र असोज गरी तीन चरणमा स्थानीय चुनाव भएको थियो । ती जनप्रतिनिधिहरुको कार्यकाल बैशाखबाट सकिन शुरु हुनेछ । त्यसैले आयागले प्रशासनिक काम रोकिन नदिनका निम्ति समयभित्रै चुनाव गरिनुपर्नेमा जोड दिएको छ । सर्वदलीय बैठकमा नेकपा एमाले, नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी लगायत १५ दलका प्रतिनिधिहरुको सहभागिता थियो ।

बैठकपछि एमालेका उपमहासचिव विष्णु रिमालले आयोगको प्रस्तावमा एमाले सकारात्मक रहेको बताए । उनले उच्च सतर्कता अपनाएर भएपनि चुनाव गर्नुपर्ने बताए । तर कोरोना महामारीले उच्च रुप लिएकाले अवस्था हेरेर निर्णय लिनुपर्ने अन्य दलका प्रतिनिधिहरुले बताउँदै आएका छन् । विशेषगरी सत्तारुढ गठबन्धनका प्रतिनिधिहरुले नागरिकको जीवन रक्षालाई प्राथमिकतामा राख्दै र संवैधानिक जटिलता सम्बोधन गर्नेगरी निर्णय गर्नुपर्ने बताएका छन् ।

एमाले नेतृत्व सरकारले गएको वर्ष नै असंवैधानिक कदम चालेर कोरोना महामारीकै बेला मध्यावधि चुनावको घोषणा गरेको थियो । तर सर्वोच्च अदालतले असंवैधानिक कदम सच्याएपछि एमाले अहिले विपक्षी दलको भूमिकामा छ । विपक्षी दलको भूमिकामा भएपनि एमालेले अहिले पनि ताजा जनादेशको वकालत गर्न छोडेको छैन ।

# लिपुलेक प्रकरणमा बोल्यो कांग्रेस

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० पुस



सत्तारुढ दल नेपाली कांग्रेसले लिपुलेक प्रकरणमा मुख खोलेको छ । कांग्रेसले भारतीय प्रधानमन्त्री नेरेन्द्र मोदीले लिपुलेक क्षेत्रमा भारत सरकारले सडक बनाइरहेको भनेर दिएको अभिव्यक्तिप्रति ध्यानाकर्षण भएको जनाएको छ । शुक्रबार पार्टीका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले साँच बुँदे धारणा सार्वजनिक गर्दै एकपक्षीय रुपमा नेपाली भूमिमा सडक निर्माणलगायतका भारतीय पक्षको गतिविधि आपत्तिजनक रहेको बताएका हुन् ।

'नेपाल-भारत संयुक्त आयोगमा दुई देश बीचको सबै प्रश्नमा कुटनैतिक संवादबाट समाधानमा पुग्ने गरी भएको सहमति विपरीत लिपुलेकमा सडक निर्माण भनेर आएको विषय गम्भीर छ, आपत्तिजनक छ र अविलम्ब यो रोकिनुपर्छ', विज्ञप्तिमा भनिएको छ ।

पार्टीले विगतदेखि नै यो विषयमा स्पष्ट धारणा राख्दै आएको र यो विषयमा पार्टी प्रष्ट र दृढ रहेको जानकारीसमेत उनीहरुले गराएका छन् । 'नेपाली कांग्रेसले विगतदेखि नै संस्थागत रुपले राख्दै आएको निम्न धारणा र अडानमा पार्टी प्रष्ट र दृढ रहेको व्यहोरा सार्वजनिक रुपले पुनः दोहोऱ्याउन चाहन्छ', महामन्त्रीद्वयले भनेका छन् ।

त्यस्तै गगन र विश्वप्रकाशले भनेका छन्, 'नेपालको संसदले सर्वदलीय एकता साथ संविधान संशोधन मार्फत पारित गरेको नेपालको नक्सा सुगौली सन्धि पछिको नेपाल थियो, हो र – बाँकी पृष्ठ २ मा

## विवेकशीलको आपत्ति

काठमाडौं/मस-विवेकशील साझा पार्टीले लिपुलेकबारे भारतीय प्रधानन्त्री नरेन्द्र मोदीको सार्वजनिक अभिव्यक्ति र यसबारे नेपालको सरकारको मौनताप्रति आपत्ति जनाएको छ । नेपालको भूमि लिपुलेकमा सडक विस्तार गर्ने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हालैको सार्वजनिक अभिव्यक्तिबारे नेपाल सरकारको अस्वाभाविक एवम् रहस्यमय मौनताप्रति विवेकशील साझा पार्टीको गम्भीर ध्यानाकर्षण जनाइएको हो ।

विवेकशीलका प्रवक्ता शरदराज पाठकले शुक्रबार जारी गरेको विज्ञप्तिमा कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर नेपालको नक्सा जारी गरी संविधान संशोधनमार्फत निसान छापमा उक्त नक्सा राखिसकिएको अवस्थामा मोदीको अभिव्यक्ति जति आपत्तिजनक भएको त्यति नै आपत्तिजनक नेपाल सरकारको मौनता र लाचारी पनि रहेको उल्लेख गरिएको छ ।

नेपाली भू-भागमा छिमेकीको मनपरी देश प्रेमी कुनै पनि नागरिकलाई स्वीकार्य नभएको उल्लेख गर्दै प्रवक्ता शरदराज पाठकले जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'नेपाली भूमिमा गरिआएका सबै खाले संरचना निर्माण कार्य तत्काल रोक्नुपर्ने दह्रो अडानसहित भारतसँग अविलम्ब कूटनीतिक संवाद अघि बढाउन विवेकशील साझा पार्टी सरकारलाई आग्रह गर्दछ ।'

# देशभित्रै रोजगारीका अवसर सिर्जना गरिन्छ : मन्त्री श्रेष्ठ

**दमौली/रासस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले देशव्यापीरूपमा आन्तरिक रोजगारीको वातावरण सिर्जना गर्न स्थानीय तहदेखि नै रोजगार कार्यक्रमलाई विस्तार गरिने बताएका छन् ।

मन्त्रालयले पोखरामा आयोजना गरेको आन्तरिक रोजगारी प्रवर्द्धनका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रममा मन्त्री श्रेष्ठले रोजगारी सिर्जना गर्न तीन तहका सरकारबीच प्रभावकारी समन्वय गर्दै अगाडि बढ्न आग्रह गरे ।

श्रेष्ठले उद्यमशीलताको संस्कृति विकास गर्दै कामको सम्मान गर्ने वातावरण तयार गर्नुपर्ने उल्लेख गर्दै बजारको मागबमोजिम सीपमूलक श्रमशक्ति विकास गर्न आवश्यक रहेको बताए । यस क्षेत्रका व्यहारिक कठिनाइ तथा समस्याको पहिचान गर्दै आन्तरिक रोजगारीको क्षेत्रमा क्रियाशील सरोकारवालालाई



प्रोत्साहित गर्ने सरकारको नीति रहेको उनको भनाइ थियो ।

सरकारको मुख्य प्राथमिकता देशभित्रै रोजगारीको अवसर सिर्जना गर्नु रहेको बताउदै मन्त्री श्रेष्ठले पर्याप्त मात्रामा रोजगारी सिर्जना गर्न दीर्घकालीन रणनीति बनाएर अघि बढ्नु आवश्यक रहेको स्पष्ट गरे ।

स्थानीयस्तरमा रहेका रोजगारीको सम्भावनाका क्षेत्रको पहिचान गर्न र आन्तरिक रोजगारीको प्रवर्द्धनमा संघ, प्रदेश र स्थानीय तहबीच आपसमा समन्वय गर्न आवश्यक रहेको उनले बताए ।

**वैदेशिक रोजगार विशेष**

## मंसिर महिनासम्ममा ५९ लाख युवा वैदेशिक रोजगारमा गए

**बिराटनगर/रासस-** मंसिर महिनासम्ममा ५९ लाख युवा वैदेशिक रोजगारमा गएका छन् । सुरक्षित आप्रवासन परियोजना (सामी)द्वारा वैदेशिक रोजगारका बारेमा प्रहरीलाई जानकारी दिने उद्देश्यले विराटनगरमा आयोजित एकदिने अन्तरक्रिया कार्यक्रममा उक्त जानकारी दिइएको हो ।

परियोजनाले देशभरमा ३९ जिल्लाका १५६ स्थानीय तहमा आयोजना गरिएको सर्वेक्षणमा उक्त अवस्था देखिएको हो । त्यसले देशमा युवा जनशक्तिको बढ्दो बेरोजगारी र गरिबी निवारणमा मद्दत पुगेको कार्यक्रममा जानकारी दिइएको छ ।

आन्तरिक रोजगारी न्यून, परम्परागत जीवनयापनमा कम रुचि, ऋणको भार बृद्धि, सामाजिक दबाब, घरेलु हिंसा एवं पारिवारिक बेमेल, देशको अस्थिरता, विदेशमा बढ्दो रोजगारीको अवसर तथा पारिश्रमिकमा अन्तर, अन्तर्राष्ट्रिय बजारमा नेपाली कामदारको माग र सूचना तथा जानकारीको सहजताले नेपाली युवा बर्सेनि विदेशिने गरेकोजस्ता विषयमा वक्ताहरूले उठाएका थिए ।


प्रतिवर्ष चार लाख ५० हजारको संख्यामा नेपाली युवा विदेशिने गरेको पाइएको छ । वैदेशिक रोजगारीमा जाने युवा कुनै पनि कारणले ठगीमा परेको उजुरी परेमा पीडितलाई न्याय दिन र पीडकलाई – बाँकी पृष्ठ २ मा

ललिता निवास प्रकरण

# थप अनुसन्धान गर्दै सिआइवी

**काठमाडौं/मस**-सरकारी वकिलको कार्यालय काठमाडौंबाट आफ्नो रायसहितको प्रतिवेदन फिर्ता आएपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइवी)ले बालुवाटारस्थित ललिता निवासको जग्गाको किर्ते लिखतका सम्बन्धमा थप अनुसन्धान थालेको छ।

सिआइवीले ३ सय भन्दा बढीलाई अभियुक्त बनाएर आफ्नो अनुसन्धान सकी यही २२ गते सरकारी वकिलको कार्यालयमा रायसहितको प्रतिवेदन बुझाएको थियो। सोमबार सरकारी वकिलको कार्यालयले थप अनुसन्धान आवश्यक भएको भनी प्रतिवेदन फिर्ता पठाएपछि सिआइवीले तथ्य तथा कागजातको विष्लेषण तथा थप अनुसन्धानमा थालेको हो। सिआइवीका प्रवक्ता प्रहरी उपरीक्षक श्यामकुमार महत्तोले भने, 'सरकारी वकिलको कार्यालयबाट थप निर्देशन प्राप्त भएको छ, सोहीअनुसार कार्यान्वयन गरेर फेरि पठाइन्छ।' उनका अनुसार ब्यूरोले विगत दुई वर्षदेखिको अनुसन्धान सकेर सरकारी वकिललाई छुट्टाछुट्टै चारवटा मुद्दाको प्रतिवेदन बुझाएको थियो।



मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा-२७६ अनुसार लिखत किर्तेसम्बन्धी मुद्दाको हदम्याद दुई वर्षको भए पनि उक्त मुद्दा मुलुकी ऐन आकर्षित हुने भएकाले सोही अनुसारको हदम्याद हुने जनाइएको छ। सिआइवीका प्रहरी उपरीक्षकको नेतृत्वमा गठित छानबिन समितिले जग्गामा सरकारी लिखत किर्ते भएको निष्कर्षसहित प्रतिवेदन दिएको थियो। सोही आधारमा सिआइवीले अनुसन्धान थालेको थियो। अहिलेसम्म उक्त घटनाका आरोपी रामकुमार सुवेदी र उनकी पत्नी माधवी सुवेदी मात्रै पक्राउ परेका छन्। विसं २०४९ देखि २०६९ सम्ममा ललिता निवासको जग्गा लिखत किर्ते गरी हिनामिना भएको सार्वजनिक भएको छ। उता अख्तियार दुरुपयोग अनुसन्धान आयोगलेसमेत ललिता निवास प्रकरणमा १७५ जना विरुद्ध उच्च अदालतमा मुद्दा दायर गरिसकेको छ। मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार उक्त मुद्दा सिआइवी र अख्तियारले हेरिरहेको छ।

# सम्पत्ति विवरण बुझाउन एमालेको निर्देशन

**काठमाडौं/मस**- नेकपा (एमाले)को केन्द्रीय अनुशासन आयोगले पार्टीको केन्द्रीय कमिटी, निकाय, संघीय सांसद, प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख-उपप्रमुखलाई आफ्नो व्यक्तिगत सम्पत्ति विवरण भरेर अनिवार्यरूपमा बुझाउन निर्देशन दिएको छ।

आयोगका अध्यक्ष केशव बडालले जारी गरेको अन्तरपार्टी निर्देशन-१ मा पार्टीको १०औं राष्ट्रिय महाधिवेशनबाट पारित विधानको धारा ७९ र आयोगको कार्यसम्पादन नियमावलीको नियम ६ बमोजिम पार्टीबाट निर्वाचित गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षसमेतलाई यही पुस १४ गतेदेखि गणना हुने गरी ६० दिनभित्र आयोगसमक्ष उक्त विवरण पेश गर्न निर्देशन दिइएको हो।

आयोगले पार्टीभित्र अनुशासन पालनाका लागि आचारसंहिताको मस्यौदा पनि तयार गरिरहेको छ।




आयोगका सचिव भरत पहारीले तयार गरेको उक्त मस्यौदामाथि थप छलफल गरेर पारित गरिने जनाइएको छ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१०/०१**

**एक्सोडस हिमालयन ट्राभल्स एण्ड टुर्स प्रा.लि**को मिति २०७८/०९/१८ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **काथे सोलुसन प्रा.लि,(प्रा.लि.नं.: ९१५९०)**, कायम गर्ने गरी मिति २०७८/०९/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


# एमविविएसमा तोकेभन्दा बढी शुल्क लिन नपाउने

**काठमाडौं/मस**- राष्ट्रिया चिकित्सा शिक्षा आयोगले चिकित्सा शिक्षामा निर्धारित गरेकोभन्दा बढी शुल्क शैक्षिक संस्थाले लिन नपाउने सहमति भएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा शुक्रबार राष्ट्रिय चिकित्सा शिक्षा आयोगका पदाधिकारी, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, काठमाडौं मेडिकल कलेज, नोबेल मेडिकल कलेज, अभिभावक एवं विद्यार्थीबीच भएको छलफलमा आयोगले तोकेकोभन्दा बढी शुल्क लिन नपाउने सहमति भएको हो।

मन्त्रालयका सहसचिव डा.हरि लम्सालले चिकित्सा शिक्षाको स्नातक तहको एमबीबीएस कार्यक्रममा बढी शुल्क लिने नपाइने सहमति भएको बताए। केही कलेजले आयोगले तोकेकोभन्दा बढी शुल्क लिएपछि विद्यार्थी संगठन आन्दोलित भएका थिए। सहमतिअनुसार राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम नै एमबीबीएसको शुल्क मेडिकल कलेजले लिने छन्।



विद्यार्थीले सहज र अनुकूल वातावरणमा सिक्ने अवसर सुनिश्चित गर्ने दायित्वलाई मनन गरी विद्यार्थीको छात्रावाससम्बन्धी समस्यालाई सम्बन्धित शिक्षण संस्था तथा अभिभावक एवं विद्यार्थीबीच आपसी छलफल गरी सहमतिमा निरूपण गर्ने र यस कार्यमा सम्बन्धित विश्वविद्यालयले सहजीकरण गर्ने पनि सहमति भएको छ।

बैठकमा आगामी शैक्षिक सत्रदेखि लागू हुने गरी चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम एमबीबीएस समेतका कार्यक्रमका लागि शुल्क निर्धारण गर्ने क्रममा कूल शुल्कअन्तर्गत विश्वविद्यालय, विषयगत काउन्सिल र शिक्षण संस्थालाई बुझाउनुपर्ने शीर्षकगत रकम निर्धारण गर्न आयोगले तत्काल कार्यारम्भ गर्ने सहमति भएको छ।

चिकित्सा शिक्षा ऐन, २०७५ कार्यान्वयनका सन्दर्भमा देखिएका असहजता निरूपणका लागि सम्बन्धित निकाय, विज्ञ तथा अन्य सरोकारका पक्षहरूसँग छलफल एवं परामर्श गरी सो ऐन संशोधनका सम्बन्धमा आयोगले सरकारलाई अविलम्ब राय परामर्श उपलब्ध गराउने र चिकित्सा शिक्षाको विभिन्न शैक्षिक कार्यक्रममा सिट रिक्त रहने विषयलाई मध्यनजर गरी एकीकृत प्रवेश परीक्षा प्रणालीमा चिकित्सा शिक्षा आयोगले आवश्यक संशोधन प्रक्रिया अगाडि बढाउने सहमति भएको मन्त्रालयका सहसचिव डा.लम्सालले बताए।

### मेडिकल संचालकलाई कालोमोसो

मेडिकल कलेज (केएमसी) र नोबेल मेडिकल कलेज विराटनगरका संचालक सुनिल शर्मालाई विद्यार्थीको एक समूहले सिंहदरबारभित्रै कालोमोसो लगाएका छन्।

विद्यार्थीसँग अतिरिक्त शुल्क असुल्दै आएका शर्मा शिक्षा मन्त्रालयले डाकेको बैठक सकेर फर्कंदै गर्दा भुइँ तलामा बसेका विद्यार्थीले 'नमस्कार सर' भन्दै कालोमसो दलेको प्रत्यक्षदर्शीले बताएका छन्।

समाजवादी विद्यार्थी युनियनका अध्यक्ष सुदेश पराजुलीले घटनाको जिम्मा लिएका छन् भने अखिल (क्रान्तिकारी)की अध्यक्ष पञ्जा सिंहले पनि संयुक्त विद्यार्थी संघर्ष समितिले कालोमोसो दलेको बताएकी छन्।

उनको मेडिकल कलेजले चिकित्सा शिक्षाका विद्यार्थीसँग अतिरित्त शुल्क मागेको विरोधमा नेविसंघसहित ७ विद्यार्थी संगठन पीडित विद्यार्थीसँगै आन्दोलनमा छन्।


**Kerabari Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Kerabari, Morang**

**Invitation for Quotations**

**Date of 2nd Publication: 2078/10/01**

1. The Kerabari Rural Municipality invites sealed quotations for Supply, delivery of goods.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the office Kerabari Rural Municipality Kerabari Morang by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **Rs. 1000 till 16th Magh 2078 BS** during office hours.
   Bidder Should only submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically only, should deposit the cost of bidding document in the following account
   **Name of the Bank : NIC Asia Bank.**
   **Name of Office : Kerabari Rural Municipality**
   **Office Account no. : 0562056501423002 (for Bid Document Fee)**
   **Office Account no. : 0562056501423008 (for Bid Security for Cash Deposit )**
4. Sealed bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp] only on or before **12:00 PM** on **17th Magh 2078 BS**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM** on **17th Magh 2078 BS** at the office of Kerabari Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **amount mention below** which shall be valid for 30 days beyond the validity period of the bid .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N. | Contract ID | Goods/Works Description | Estimated Amount including VAT | Bid Security |
|---|---|---|---|---|
| 1 | KRMC/MOR/G/ SQ-09(078/079) | Supply and Delivery of Different size of HDP Pipes. | NRs 15,02,762.75 | NRs 35,000 |

**Chief Administrative Officer**


# बलात्कार गर्नेलाई जन्मकैद

**रामहरि रिमाल/मध्यान्ह**
नुवाकोट, ३० पुस

बलात्कारको अभियोगमा जिल्ला अदालत रसुवाले एक युवालाई जन्मकैदको फैसला सुनाएको छ। नुवाकोटको किस्पाङ गाउँपालिका-५ अर्चले घर भई रसुवाको गोसाइँकुण्ड गाउँपालिका-६ बस्दै आएका २१ वर्षीय यमप्रसाद भट्टराईलाई उक्त सजाय दिइएको हो।

जिल्ला अदालतका न्यायाधिश राजेन्द्र नेपालको एकल इजलासले उक्त फैसला सुनाएको तहसिलदार गोपी विश्वकर्माले जानकारी दिए। भट्टराईले ६ वर्षीया बालिकालाई गत वर्ष माघमा जबर्जस्ती करणी गरेका थिए।

उनलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा १ र २ तथा उपदफा ३ को (क) बमोजिम दोषी ठहर गरिएको हो।

भट्टराईलाई जन्मकैदका साथै रु ६ लाख जरिवाना र पीडितलाई रु ५० हजार क्षतिपूर्ति भराउने फैसला गरिएको छ।

### मन्त्रालयको...

४५ हजार पुग्ने प्रक्षेपण गरेको छ। साथै यो अवधिमा कोरोनाका सामान्य संक्रमित संख्या २ लाख ४० हजार पुग्न सक्ने प्रक्षेपण गरिएको छ। ओमिक्रोन छिटो छिटो सर्ने भएकोले केही सातापछि नेपालमा पनि नयाँ भेरियन्ट ओमिक्रोन सक्रमितको संख्या नै बढी हुने अनुमान छ।

### अस्पतालमा....

उपचाररत छन्। यस्तै बानेश्वस्थित नेपाल निजामती अस्पतालमा हाल १२ जना भन्दा बढी कोरोना संक्रमित उपचाररत छन्। यसैगरी वीर अस्पतालमा ५० जना भन्दा बढी संक्रमित उपचारत छन् भने शुक्रराज अस्पतालमा १५ जना भन्दा बढी बिरामी उपचाररत छन्। साथै राष्ट्रिय आयूवेद अनुसन्धान तथा तालिम केन्द्रमा १३ जना भन्दा बढी कोरोना संक्रमित उपचारत छन्।

### लिपुलेक...

त्यसको कार्यान्वयन हुनुपर्छ भन्ने बिषय राजनैतिक दलहरू एवं नेपाल सरकार समेतको साझा अभिमत हो भन्ने विषयमा नेपाली कांग्रेस प्रष्ट छ।'

यस्तै दुई राष्ट्रबीचको सीमा सम्बन्धी कुनैपनि प्रश्नको हल ऐतिहासिक तथ्यका आधारमा हुनुपर्ने भन्दै १८१६ को सुगौली सन्धिको दस्तावेज दुवै राष्ट्रको साझा स्विकारोक्तिको तथ्य हो भन्नेमा कांग्रेस स्पष्ट रहेको उल्लेख गरिएको छ।

यस्तै कालापानीबाट भारतीय सैनिक फिर्ता हुनुपर्ने पनि माग गरिएको छ। दुई राष्ट्र बीचको सीमा सम्बन्धी कुनैपनि प्रश्नको हल ऐतिहासिक तथ्यका आधारमा हुनुपर्ने स्पष्ट गर्दै विश्व र गगनले भनेका छन्, '१८१६ को सुगौली सन्धिको दस्तावेज दुवै राष्ट्रको साझा स्विकारोक्तिको तथ्य हो भन्नेमा हामी प्रष्ट छौं।'

### मंसिर ...

कारबाही गर्नका लागि प्रहरी अधिकृतलाई थप ज्ञान दिलाउनु र सजग गराउनु कार्यक्रमको उद्देश्य रहेको परियोजनाका जिल्ला संयोजक देवेन्द्र चौधरीले जानकारी दिए।

सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलले 'वैदेशिक रोजगार ऐन र प्रमुख जिल्ला अधिकारीको भूमिका' तथा प्रहरी उपरीक्षक जनार्दन जिसीले 'वैदेशिक रोजगारीलाई शोषणरहित बनाउन नेपाल प्रहरीको भूमिका' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।

वैदेशिक रोजगारीकै लागि जिल्लामा चालु आर्थिक वर्षको पाँच महिनामा चार हजार ८ सय ५ जनाले राहदानी बनाएकामा पुरुष तीन हजार २९०, महिला एक हजार ४४४ र नाबालक ७१ जना छन्।


**Kerabari Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Kerabari Morang**

**Provience 1, Nepal**

Invitation for Bids for the **Construction Topthumki Tourism Area**

**Date of publication: 2078/10/01**

1. The Kerabari Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the procurement of Works Mention below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kerabari Rural Municipality, Kerabari Morang, Email:kerabariruralmun@gmail.com **Tel: 021403110** or may visit PPMO **website www.bolpatra.gov.np/egp.**
3. A complete set of Bidding Documents may be purchased by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **Nrs 3,000** till **3rd Falgun 2078 B.S.** during office hours. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp.**.
   **Name of the Bank : NIC Asia Bank.** **Name of Office : Kerabari Rural Municipality**
   **Office Account no. : 0562056501423002 (for Bid Document Fee)**
   **Office Account no. :0562056501423008 (for Bid Security for Cash Deposit )**
4. Pre-bid meeting shall be held at Office Of the Kerabari Rural municipality at 12:00 PM **10th Magh 2078 BS**
5. Electronic bids must be submitted to the office of Kerabari Rural Municipality through PPMO website **www.bolpatra.gov.np/egp** on or **before 12:00PM on 4th Falgun 2078 BS.** Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM 4th Falgun 2078 BS** at the office of Kerabari Rural Municipality. Bids must be valid for a period of [90 days] after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum mention below which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Contract ID | Work Description | Estimated Amount Including VAT(NRs) | Bid Security (NRs) |
|---|---|---|---|---|
| 1 | KRMC/MOR/W/NCB-06(078/079) | Construction Topthumki Tourism Area. KRM-4 | 58,43,097.25 | 1,60,000 |

**Chief Administrative Officer**

# माघे संक्रान्ति पर्व मनाइँदै

**काठमाडौं/मस**–देशभर आज माघे संक्रान्ति पर्व मनाइँदैछ। सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गरी उत्तरायण हुने भएकाले माघ १ गतेलाई मकर संक्रान्ति पनि भनिन्छ।

सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने संक्रान्ति भएकाले माघ १ गतेलाई मकर (माघे) संक्रान्ति भनिन्छ। माघ १ गतेदेखि उत्तरायण शुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै जान्छन्। उत्तरायण शुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मानिन्छ।

यसैले आजको दिन देवघाट, त्रिशुली, कालीगण्डकी, वाग्मती, इन्द्रावती, त्रिवेणी, रिडीलगायतका स्थानमा माघ स्नान गर्ने भक्तजनको भीड लाग्ने भएपनि कोरोनाका कारण धेरै ठाउँमा मेला स्थगित गरिएको छ। सरकारले पनि कोरोना बढ्दै गएकाले २५ जना भन्दा बढी भेला नहुन आग्रह गरेको छ।

तराईवासीले माघ १ लाई नहान अर्थात् नुहाउने पर्वका रुपमा मनाउँछन्। बिहानै तीर्थस्थलमा गई स्नान गरेर तिल दान गर्नाले सुन दान गरे सरहको पुण्य प्राप्त हुने धार्मिक विश्वास छ।

धर्मसिन्धुमा माघ १ मा घ्यू, चाकु, तिलका परिकार, खिचडी नखाने, दान नगर्ने, जलाशयमा गई स्नान नगर्ने, ध्यान नगर्ने व्यक्ति जीवनभर रोगी हुने उल्लेख गरिएको धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतमले बताए।

उत्तरायण भएपछि शुभकर्म गर्न उत्तम मानिन्छ। आज स्नान, दान, व्रत, ध्यान गर्ने व्यक्तिले पुण्य प्राप्त गरी मनकामना पूर्ण हुने जन विश्वास छ।

माघे संक्रान्तिका दिन घ्यू, चाकु, तिलका परिकार, तरुल, पालुङ्गो, खिचडी आदि खाने चलन छ। यी परिकारले जाडोमा न्यानो प्रदान गर्ने भएकाले चिसो समयमा पर्ने पर्वमा ताता परिकार खाने गरिएको हो। यी खानाले त्रिदोष नाश हुने आयुर्वेदका चिकित्सकको भनाइ छ। तरुल पुसको अन्तिम दिनमा पकाएर राखी माघमा खाने प्रचलनसमेत विभिन्न ठाउँमा छ। यसलाई 'पुसमा पाके, माघमा जाके' भन्ने उखानका रुपमासमेत प्रयोग गरिन्छ।

आजका दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ। शरीरका नाडी, स्नायुमण्डल र हड्डीलाई तिलको तेल मालिसबाट सुदृढ र स्वस्थ राख्न सकिने आयुर्वेद शास्त्रीय मान्यता छ।

सूर्य उत्तरायण भएपछिको मृत्युलाई उत्तम मानिन्छ। महाभारत युद्धमा मृत्यु श्ययामा पुगेका भीष्मले ईच्छा मृत्युको वरदान पाएअनुसार सूर्य उत्तरायणपछि नै शरीर त्यागेका थिए। आजका दिन भक्तपुरको तिलमाधव नारायणस्थानमा पनि मेला लाग्ने गर्दछ।

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालका विभिन्न समुदायमा मनाइने माघे संक्रान्ति एवम् माघी पर्वको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गरेकी छन्।

माघे संक्रान्ति वा मकर संक्रान्ति पर्वलाई नेपालका विभिन्न जातजातिले हर्षोल्लास पूर्वक मनाउने परम्परा रही आएको तथा थारू समुदायमा माघी पर्वलाई नयाँ वर्षका रूपमा धुमधामसँग मनाइने प्रचलन रहेको उल्लेख गर्दै उनले विविधतापूर्ण नेपाली समाजलाई वृहत् राष्ट्रिय एकताको भावनामा आवद्ध गर्न माघी पर्वले योगदान गरिरहेको बताएकी छन्। उनले कोभिड-१९ महामारीको वर्तमान अवस्थामा स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएर आ-आफ्नो स्वास्थ्यको ख्याल गरी माघी मनाउन सबैमा आव्हान पनि गरेकी छन्।



## लिंगो गाडेर माघे संक्रान्ति मेलाको शुभारम्भ

पवित्र तीर्थस्थल देवघाटको बेनीमा शुक्रबार बिहान बाँसको लिङ्गो गाडेर माघेसंक्रान्ति मेलाको शुभारम्भ गरिएको छ।

गलेश्वर आश्रमका पीठाधीश आत्मानन्द गिरीसहित सन्तमहन्त, बटुकलगायत स्थानीय व्यक्तिको उपस्थितिमा बाँसको लिङ्गो ठड्याइएको हो। यसअघि गलेश्वर आश्रममा भेला भएर विधिवत्रुपमा लिङ्गोसहित शोभायात्रा सहित बेनीमा पुगेको थियो।

यससँगै चितवन, तनहुँ र नवलपरासीको संगमस्थल देवघाटमा माघेसंक्रान्ति मेला शुरु भएको छ। देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक धिरणबाबु घिमिरेका अनुसार यस वर्ष विधिवत्रुपमा मेलाको शुभारम्भ गरिए पनि बाहिरबाट भक्तजनलाई आउन भने रोक लगाइएको छ।


कोरोना भाइरस संक्रमणको बढ्दो जोखिमका कारण कल्पबासमा बस्ने वृद्धवृद्धा र देवघाटका बासिन्दाबाहेक अन्यलाई प्रवेशमा रोक लगाइएको हो।

प्रमुख जिल्ला अधिकारी आश्मान तामाङ्गले आज दिउँसो २ बजेबाट शनिबार दिउँसो २ बजेसम्म देवघाट क्षेत्र प्रवेशमा रोक लगाइएको बताए। देवघाट प्रवेश गर्ने नाका शिल गरिँदै छ।

दैलेख डायरी

यामराज बिष्ट/मध्यान्ह

## खोप लगाउन प्रशासनको आग्रह



जिल्ला प्रशासन कार्यालय दैलखमा कोरोना भाइरस विरुद्धको जोन्सन एण्ड जोन्सन लगाउन शुरु गरिएको छ। प्रशासनका अनुसार बुधबारदेखि ११ स्थानीय तहबाट सहभागि भएका स्थानीय नागरिकलाई खोप लगाउने कार्य शुरु भएको हो। स्वास्थ्य सेवा कार्यालय दैलेखको समन्वयमा जोन्सन एन्ड जोन्सनको कोरोनाविरुद्धको खोप लगाउन शुरु गरिएको प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले जानकारी दिए।

प्याकुरेलका अनुसार १८ वर्ष उमेरदेखि माथिका नागरिक, छुटेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शिक्षक, विद्यार्थी, अपाङ्गता भएका व्यक्ति लगायतलाई खोप लगाइने जानकारी दिए। प्रशासनका अनुसार शुक्रबारसम्म तीन दिनसम्मको अवधिमा ३ सय ५९ भन्दा बढीले खोप लगाएका छन्।

यस्तै सार्वजनिक स्थानहरुमा प्रवेश गर्दा कोरोना विरुद्ध खोप लगाएको कार्ड अनिवार्य गरिएको छ। माघ ७ गतेदेखि लागू हुने गरी सार्वजनिक स्थानहरु जस्तै कार्यालय, होटल, रेष्टुरेन्ट, सार्वजनिक यातायात बैंक तथा वित्तीय संस्थामा प्रवेश गर्दा अनिवार्यरुपमा कोभिडविरुद्धको खोप लगाएको कार्ड देखाउनुपर्ने, आफुले लगाएको खोपको कार्डको मोबाइलमा खिचिएको फोटो भएपनि मान्य हुने प्रशासनले जनाएको छ। साथै खोप लगाउन छुटेका व्यक्तिहरूले नजिकको स्वास्थ्य चौकी वा स्वास्थ्य सेवा कार्यालय वा यस कार्यालयमा समेत खोप लगाउन सक्ने प्रशासनले जनाएको छ।

## अटो रिक्सा चालकलाई प्रशिक्षण

दैलेख सदरमुकाममा सञ्चालनमा आएका अटो रिक्साका चालकहरुलाई प्रशिक्षण दिइएको छ। ट्राफिक प्रहरीले अटो रिक्साहरुलाई व्यवस्थित गर्न भन्दै चालकलाई प्रशिक्षण दिएको जनाएको छ।

विना लाईसेन्स अटो चलाउन नपाईने भन्दै यदि चलाएको पाइएमा कानून अनुसार कारवाही गर्ने दैलेख प्रहरी प्रमुख भुवेश्वर प्रसाद साहले मध्यान्हलाई जानकारी दिए।

सदरमुकाममा संचालित अटो रिक्साले निर्धारित भाडादर भन्दा बढी भाडा असुल्ने, क्षमता भन्दा बढी यात्रु बोक्ने, बजार क्षेत्रमा आवश्यक भन्दा तीव्र गतिमा अटो चलाउँने गरेको अटो यात्रुहरुले गुनासो गरेकाले अटो चालकहरुले सुधार नगरे कारवाही गरिने प्रहरी प्रमुख साहले बताए। अटोमा ३ जना मात्रै यात्रु राख्न र चालक बस्ने सिटको दाँया/वाँया यात्रु नराख्न निर्देशन दिएको छ। कार्यक्रमा ट्रापिक प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक दिपेन्द्र केसीले ट्राफिक नियमका विविध पक्षका बारेमा जानकारी गराएका थिए। कार्यक्रममा दैलेखमा सञ्चालित २५ भन्दा धेरै अटो रिक्सा चालकहरुको सहभागिता रहेको थियो। जिल्लाम संचालित यातायातका सवारी साधानबाट दुर्घटनाका कारण मानिसले ज्यान गुमाउन नपरोस भनि चेकजाँचमा थप कडाई गरिने पनि प्रहरी नायव निरीक्षक केसीले जानकारी दिए।

यस्तै कोरोना संक्रमण दर बढ्दै गएकाले अटो चालक, अटो यात्रुहरुले कोरोना विरुद्धको खोप लगाउनुपर्ने र अनिर्वाय माक्स सेनिटाइजर प्रयोग गर्नुपर्ने बताएको छ। प्रहरीले जिल्लाका बजारी क्षेत्रमा कोरोना सम्वन्धी जानकारी दिँदै सेनिटाइजर प्रयोग नगर्ने, माक्स प्रयोग अनिवार्य नगरेमा कारबाही गर्ने जनाएको छ।

# बबई गाउँपालिकाका थप ४ जनामा कोरोना संक्रमण




राम प्रसाद सुबेदी/मध्यान्ह
हापुरे, ३० पुस

पश्चिम दाङको बबई गाउँपालिकामा थप ४ जनामा कोरोना संक्रमण देखिएको छ। पछिल्लो २४ घण्टामा ५ जनामा परीक्षण गर्दा गाउँपालिकाको वडा नम्बर ४, ६ र ७ का ४ जनामा कोरोना संक्रमण देखिएको बबई गाउँपालिकाका स्वास्थ्य शाखा उपप्रमुख शरदराज गिरीले मध्यान्हलाई जानकारी दिए।

गिरीका अनुसार गाउँपालिकाद्वारा संचालित हापुरे प्राथमिक अस्पतालमा एन्टिजेन बिधिबाट २ जनाको कोरोना परीक्षण गर्दा १ जनामा र पञ्चकुले हेल्थपोस्टमा ३ जनाको परिक्षण गर्दा ३ जनामै संक्रमण देखिएको हो।

हापुरे प्राथमिक अस्पतालमा गरिएको परीक्षणमा वडा नम्बर ४ का २० वर्षका पुरुषमा र पञ्चकुले हेल्थपोस्टमा गरिएको परीक्षणमा वडा नम्बर ७ का २१ बर्षकी महिलामा तथा ३१ वर्षको पुरुषमा र वडा नम्बर ६ का २८ वर्षकी महिलामा संक्रमण देखिएको हो। योसंगै गाउँपालिका भित्र सक्रिय संक्रमितको संख्या ७ पुगेको र संक्रमित सबै होम आइसोलेशनमा रहेको गिरीले जानकारी दिए।

## दश किलो चरेससहित महिला पक्राउ



**पर्सा/मस**–पर्सा प्रहरीले १० किलो लागुऔषध चरेससहित एक महिलालाई नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरेको छ।

नेपालबाट भारतको रक्सौलतर्फ पैदल जाने क्रममा प्रहरीले रौतहट पिपरीया परोवा नगरपालिका-९ बंकुल टोल बस्ने ४२ वर्षीया रन्जु देवीलाई वीरगञ्जबाट पक्राउ गरेको हो।

रन्जुको साथबाट प्रहरीले लागुऔषध चरेस बरामद गरेको प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले जानकारी दिए। रन्जुले चरेसको प्याकेट बनाई शरीरका विभिन्न भागमा लुकाएको अवस्थामा बरामद भएको प्रहरीले जनाएको छ।

पक्राउ परेकी महिला भरिया हुन् वा मुख्य कारोबारी हुन् त्यस विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## कुवेतमा रोजगार

कम्पनी : BURGAN COMPANY FOR WELL DRILLING, TRADING & MAINTENANCE K.S.C.
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०८/१२ | चलानी नं.: ६०१६८८९१ | L.T. No.: 252178 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Camp Boss | 2 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ७८,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 25 | 0 | | 160 | ६२,४९४ | | | | | | | |
| 3. | Room Boy/housekeeper | 10 | 0 | | 110 | ४२,९६४ | | | | | | | |
| 4. | Assistant Cook | 15 | 0 | | 140 | ५४,६८२ | | | | | | | |
| 5. | Kitchen Helper | 54 | 0 | | 110 | ४२,९६४ | | | | | | | |
| 6. | Waiter | 10 | 0 | | 110 | ४२,९६४ | | | | | | | |
| 7. | Rig Boy | 12 | 0 | | 120 | ४६,८७० | | | | | | | |
| 8. | Laundry Man | 10 | 0 | | 110 | ४२,९६४ | | | | | | | |
| 9. | Bakery Man | 2 | 0 | | 160 | ६२,४९४ | | | | | | | |
| 10. | Heavy Duty Driver (Water Tanker) | 10 | 0 | | 180 | ७०,३०६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, कुसुन्ती, ललितपुरमा २०७८ माघ ८ गते (22 January 2022) हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

स्प्रिङ्गस् नेपाल ह्युमेन रिसोर्स प्रा. लि.
श्रम इजाजत पत्र नं. ८२९/०६६/०६७
कुसुन्ती, ललितपुर, फोन नं.: ५५४१७९७, ५५४६४२६
फ्याक्स: ५००१७९८ मो. ९८०१२००६७७, ९८४१६६७३३९, ९८०१२००,६७५, ९८०१२००६७६



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस ट्रेस इन्टरनेशनलले चाइनाबाट पैठारी गरिएको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपशिल

| सि.न. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | क्षमता | उत्पादित मुलुक/राष्ट्र | मोडल | इकाई | अधिकतम बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रिक रिक्सा | इलेक्ट्रिक | ट्रेस | ५५० kg 4-Passanger 1-Driver | चाइना | MD 3 | पिस | २,४३,५००/- | |

अधिकृत विक्रेताः ट्रेस इन्टरनेशनल
विरगञ्ज-१३, श्रीपुर, पर्सा, सम्पर्क : ९८१९२१०६४२
एक्जीम कोड नं. ६०३८३०४३१०१२० NP
फोन नं. ९८५५०२५०५१



## DUBAI मा महिला तथा पुरुषहरूलाई रोजगार

कम्पनी: LAHEJ & SULTAN CLEANING SERVICE & GEN. MAINT. COMPANY, DUBAI

पूर्व स्वीकृत मितिः २०७६/११/११ | चलानी नं.: ६०१५२१३९ | LT. N0.: 232814 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 102 | 95 | स. काममा दक्ष | 800 | २५,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १० गते (24 January 2022) मा बिर्तामोड, झापा शाखा कार्यालयमा माघ ११ गते (25 January 2022) मा मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.
श्रम इजाजत पत्र नं.: ८०६/०६५/०६६
सामाखुसी, रिङ्गरोड, काठमाडौं, फोनः ४३८७९९१, ४३८७९९२, ४३५४१०६, मो. नं. ९८५११६४१५२, ९८५१०९०३६५, ९८०१०३३९७१, ९८०१०३३९७२, ९८०१०३३९७३, ९८०१०३३९७४, ९८०१०३३९७७, ९८०१०३३९७०



## Kuwait मा रोजगार

1. Architectural Wood Workers

पूर्व स्वीकृती मितिः २०७८/०९/३० | चलानी नं.६०१७२७६१ | LT.No. 256156

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 08 | 00 | [illegible] | 100 | ३८,९२७/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २. | Cleaner | 00 | 03 | | 120 | ४६,७१३/- | | | | | | | |

2. Kuwait Engineering Industries

पूर्व स्वीकृती मितिः २०७८/०९/३० | चलानी नं. ६०१७२७६० | LT.No. 256155

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 07 | 00 | [illegible] | 100 | ३८,९२७/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | | [illegible] |
| २. | Cleaner | 00 | 02 | | 120 | ४६,७१३/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले ब्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०७८ माघ ८ गते (22 Jan. 2022) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4380875, 9851048235, 9851042984



## साउदीमा रोजगार

कम्पनी: MAWARED AL-HAYAT FACTORY FOR DRINKING WATER
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०९/०८ | चलानी नं.: ६०१७२७५६ | L.T. No.: 254149

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ५६,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ माघ ८ गते (22 January 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

PERFECT DESTINATION PVT. LTD.
Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5260998, 5261014 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np



## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

कथा

# आफ्नो मान्छे



शारदा पौडेल

एकमाना पीठोको बन्दोबस्त भएको घर, मिल्दा कुटुम्ब र केटाले लेखपढ गरेकै छ भनिठानेर बाले मलाई पहाडमै भएपनि दिनुभयो। म तराईको समथरमा जन्में त्यही हुर्कें, त्यसैले मेरो लागि पहाड त क्षितिज खुलेको समयमा दक्षिणतिर देखिने हाम्रो भूगोलको अन्तिम भाग पो होकि जस्तो लाग्थ्यो। आमासँग सकेसम्म विरोध गरें तर, बाको अगाडि मेरो केही लागेन। त्यसैले घर, छरछिमेक, इष्टमित्रहरुले जोसँग अन्माइदिए, त्यसैसँग खुरुक्क अन्मिएँ।

साथीहरुको बिहेमा बरियात, बाजागाजा, कल्स्यौली, मड्यौलीसहित सजाइएको गाडीमा दुलाहा आएको देख्दा आफूलाई पनि भित्रीमनमा काउकुति लागेर आउँथ्यो। तापनि, जन्मिई हुर्किई गरेको घर, आफूले रोपेका र समय-समयमा गोडमेल गरेका लहरा लतिका, हेरचाह गरेका वस्तुभाउ सबैलाई चटक्क माया मारेर बिरानो ठाउँमा बाटो लाग्नुपर्दा मनमा संकोच त जन्मने नै रहेछ।

घरमा अपरिचित मानिस आएको देखेँ भने डर लागेर आउँथ्यो। मनमा नानाथरीका कुरा खेल्न थाल्थे। त्यस्तैमा एकदिन कलेजबाट घर आइपुग्दा घरमा अपरिचितहरुकै हुल देखेँ। त्यहाँ कुनै बुढा, कुनै अर्धबैंसे थिए भने एकजना चाहिँ पातलो ज्यान गरेको युवक पनि थियो। मनमा शंका उब्जियो कतै...! एकाएक सबैतिर अन्धकार छाएर पृथ्वी भासिए जस्तो भान भयो। मैले तिनीहरुको नजिक जान मनासिप ठानिनँ बरु आफ्नै कोठाभित्र बसिरहें।

"नानी यता आइज न !" नेपथ्यबाट आमाको सानो आवाज आयो। अब मलाई झनै आपत पर्‍यो। बाहिर निस्किएर आमाले बोलाउनु भएतिर गएँ। आमाले आफूले नहुने भएकाले पाहुनालाई चिया पकाइदिन अह्याउनुभयो।

आ...! आखिरी मानिस नै हुन् के फरक पर्छ र भन्ने हिम्मत मनमा जुटाएँ र ती अपरिचितहरुको बीचमा उभिएर सबैलाई एकमुष्ठ "नमस्कार" भन्दै चिया पकाउन भान्सा कोठातिर छिरें। त्यहाँ कहिले पानी नपरेर खडेरीले बाली बिग्रिएको कुरा, कहिले गाउँमा मोटरबाटो खनेको कुरा, कहिले आफ्ना छोराछोरीहरुको पढाइका कुराहरु भइरहेका थिए।

